स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक






अभिनेता सारुक ताम्राकारको निधनको बारेमा केही दिन कलाकारहरुले सामाजिक सञ्जालमार्फत् जोरसोरले उचित छानबिनको माग गर्दै न्यायको आवाज उठाए । तर, दिन बित्दै जाँदा विस्तारै त्यो आवाज मत्थर हुन थालेको छ । सारुकको न्यायका लागि अभिनेत्री मलिना जोशीले सामाजिक सञ्जालमा पटक-पटक आवाज उठाउँदै आएकी छन् । सारुकलाई कसैले आत्महत्या गर्न बाध्य पार्ने अवस्थामा पुऱ्याएको र यसबारेमा उचित छानबिन गरेर दोषीलाई कारबाही हुनुपर्ने उनको माग छ ।

**आजको विचार...**



विपिन गौतम

कसरी...

(दुई पेजमा)

मिस नेपाल २०१८ श्रृङ्खला खतिवडाले आफ्नो व्यक्तिगत जीवन खोतल्न धेरै मानिस पछि लागेको आरोप लगाएकी छन् । आफूले कसैको केही नबिगारे पनि आफ्नो पछि मानिसहरु लागेको उनको भनाइ रहेको छ । 'मैले कसैको केही बिगारेको छैन । मेरो पछि कति परेका हुन्', उनले भनिन् 'जति नै पछि परे पनि उनीहरुलाई दिने मसँग उत्तर छैन ।' सञ्जय सिल्वाल गुप्तासँग पटकाष्ठमा कुरा गर्दै खतिवडाले मानिसहरु आफ्नो जति नै पछि लागे पनि व्यक्तिगत जीवन भने नखोल्ने स्पष्ट पारेकी छन् ।


❐ वर्ष २९ ❐ अंक १० ❐ २०८० साउन १० गते बुधबार 26 July 2023, Wednesday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-


## सक्षिप्त समाचार

### मासु व्यवसायीलाई नगर सरकारले दियो सामग्री



**गुल्मी,** साउन ९/जिल्लाको रेसुङ्गा नगर सरकारले नगरभित्र रहेका मासु व्यवसायीलाई आवश्यक सामग्री दिएको छ । नगरपालिका भित्रका १२ जना मासु व्यवसायीलाई एक कार्यक्रमका बिच मासु व्यवसाय सञ्चालनका लागि आवश्यक पर्ने दाउ, गलव्स र एप्रोन लगायतका सामग्री दिएको हो ।

व्यवसायीहरुलाई थप प्रोत्साहन गर्नको लागि सामाग्री सहयोग गरिएको नगर प्रमुख खिलध्वज पन्थीले बताए । उनले व्यवसायीलाई परिमार्जन गर्न आवश्यक रहेकाले राम्रो गुणस्तरमा मासु उपलब्ध गराउनेतर्फ सबै व्यावसायी लाग्नुपर्नेमा जोड दिए । व्यवसायीलाई सामाग्री किनेर दिने कार्यविधि रहेकाले मासु व्यवसायीलाई प्रोत्साहन स्वरुप सामग्री हस्तान्तरण गरिएको नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत रुमाखर मरासिनीले बताए ।

# छतमा पक्षीपालन गर्दै उमाकुमारी

**सुशीला रेग्मी (रासस)** ———

**रामपुर (पाल्पा),** साउन ९/मेहनत र जाँगर भयो भने गरिखान प्रशस्त जग्गा पनि नचाहिदो रहेछ । मानिसमा इच्छाशक्ति भए खेतबारी नभए पनि कृषि तथा पक्षीपालन व्यवसायबाट मनग्य कमाइ गर्नका लागि उमाकुमारी श्रेष्ठ समाजमा उदाहरणीय बनेका छन् ।



पाल्पा रामपुर नगरपालिका-५ स्थित बेभ्फाड बजार निवासी उनले तीन तला घर माथिको छतमा पशुपक्षीपालन व्यवसाय सञ्चालन गरेकी छिन् । उमाकुमारीले छतमा स्थानीय जातका कुखुरा, कालिज, लौकाट, बट्टाईजस्ता पक्षीपालन गरिरहेकी छिन् । "ठूलो संख्यामा यो व्यावसाय छतमा सुरु गरेको दुई वर्ष भयो । व्यवसाय गर्ने हो भने जग्गा जमिन नै चाहिदैन, जाँगर र मेहनत भयो भने घरका छत, करेसाबारी सदुपयोग गरेर पनि कमाइ गर्न सकिन्छ" उनले भनिन्, "मैले बेभ्फाड बजारको तीन तलामाथिको छतमा पक्षी व्यवसाय र तरकारी खेती गरिरहेको छु, उत्पादन पनि राम्रै भइरहेको छ ।" हाल उमाकुमारीको घरमा स्थानीय जातको कुखुरा एककिलोदेखि डेढकिलोसम्म चार सयवटा, ठूला एक सयवटा (चल्ला उत्पादनका लागि, अण्डा दिने), कोइलर कुखुरा चल्ला उत्पादनका लागि ५० वटा, कालिज ठूलो माउ पाँच र साना बच्चा ३०, लौकाट पाँचवटा माउ र चल्ला १५ वटा, बट्टाई तीनवटा माउसहित एक सय ५० रहेको छ । स्थानीय जातको कुखुरा प्रतिकिलो रु आठ सय, ब्रोइलर कुखुरा प्रतिकिलो रु पाँच सय, कालिज भाले रु दुई हजार पाँच सय र पोथी रु दुई हजार, लौकाट रु एक हजार, बट्टाई रु दुई सयमा बिक्री भइरहेको उनले बताइन् । बजारमै व्यवसाय भएकाले बिक्रीका लागि समस्या नभएको हुँदा पक्षीपालनलाई जोड दिइएको हो । चल्ला उत्पादन गर्ने र बिक्री गर्ने मुख्य उद्देश्य लिएर व्यवसाय थालनी गरिएको उमाकुमारीको भनाइ थियो । आफ्नै घरमा ह्याचरी मेसिनबाट चल्ला उत्पादन गरी उनले बिक्री गर्दै आएकी छिन् ।

एक महिनामा चार सय चल्ला बिक्री हुने गरेको छ । स्थानीयस्तरमा नै चल्ला खपत भइरहेको छ । छतमा गरिएको यस व्यवसायबाट वार्षिकरूपमा रु पाँच लाख बराबरको आम्दानी हुँदै आएको छ । "घरमै ह्याचरी मेसिन राखेर चल्ला उत्पादन गर्न थालिएपछि धेरै फाइदा हुँदोरहेछ, घरको छतभरी कुखुरा, कालिज, लौकाट, बट्टाईमध्ये कोही बिक्री गर्न लायकका छन् भने केही चल्ला हुर्कँदैछन्, केही जन्मने बेला भएका छन्, यो देख्दा धेरै रमाइलो लागिरहेको छ" उमाकुमारीले भनिन् । ह्याचरी मेसिनबाट चल्ला उत्पादन गर्नुअघि उनले काठमाडौँबाट चल्ला खरिद गरेर व्यवसाय चलाउँथिइन् । बाहिरबाट चल्ला खरिद गरेर व्यवसाय चलाउँदा खासै फाइदा नभएपछि घरमै ह्याचरी मेसिन ल्याएर चल्ला उत्पादन गरी बिक्री गर्दा धेरै फाइदा हुने गरेको उमाकुमारीको भनाइ थियो । उनले खाली समय सदुपयोग गर्न इन्टरनेटको सहायताबाट अध्ययन गरेर व्यवसाय सुरु गरेको बताइन् । यस व्यवसायबाट धेरै सन्तुष्ट रहेकी उमाकुमारीले पक्षीको मल सदुपयोग गर्न घरको आडैमा रहेको रामतुलसी नमुना माविको पाँच रोपनी जग्गा भाडामा लिएर तरकारी, धान, मकैलगायत बाली लगाउँदै आएकीछिन् । छतका छेउमा कुरिलो, खुर्सानी खेती पनि छ । चारवर्ष अघिदेखि रामपुरमा उनले पहिलो व्यवसायीका रुपमा एक सयवटा बट्टाईपालन सुरु गरेकी थिइन् । बट्टाईबाट आम्दानी राम्रो हुने सम्भावना देखेपछि छतमा खोर विस्तार गरी कुखुरा, लौकाट, कालिज पनि व्यावसायिकरूपले पाल्न थालिएको उमाकुमारीले बताइन् ।

विसं २०५५ मा रम्भा गाउँपालिका-५ वीरकोटबाट रामपुरको मुख्य बजार बेभ्फाड बजारमा किराना व्यापार गर्न साथमा रु १५ हजार रकम लिएर आएकी उनले अहिले आएर धेरै सफलता हात पारेकी छिन् । आफ्नो मेहनत, जाँगर र सीपले उमाकुमारीले बेभ्फाड बजारमा तीन तलाको घर खरिद गरेकी छिन् भने तीन छोराछोरीलाई काठमाडौँमा राखेर उचित शिक्षा दिदै आएकी छिन् । "श्रीमान् परदेशमा साना बालबच्चा काखमा लिएर आयआर्जन गर्ने अभिलाषा बोकेर रामपुर बजार आएँ, रामपुर आउन परिवार र आफन्तले साथ दिएका थिएनन् ।, मेरो जोडबलले केही गर्नुपर्छ भन्ने उद्देश्यले यहाँ आएको र अहिले राम्रै गरेजस्तो लाग्छ" उनले सुनाइन् ।

*(...बाँकी अन्तिम पेजमा)*


**जंगली च्याउहरु विषालु पनि हुन सक्छन्, त्यसैले राम्ररी पहिचान गरेर मात्र खाऔं । खेती गरेर उमारेका च्याउ खाने गरौं । जीवन सुरक्षित गरौं ।**

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

नेपाल सरकार

**विज्ञापन बोर्ड**


# सामाजिक विकास डिभिजनको उत्साहजनक प्रगति

**पाल्पा,** साउन ९/सामाजिक विकास डिभिजन कार्यालय पाल्पाले आव २०७९/८० मा उत्साहजनक प्रगति गरेको छ । डिभिजन कार्यालयले शिक्षा, खेलकुद, सामुदायिक भवन निर्माणका काममा ८६.६ प्रतिशत सफलता प्राप्त गर्दै उत्साजनक प्रगति गरेको हो ।



गुल्मी र पाल्पाका सामुदायिक विद्यालय र क्याम्पसहरुको पूर्वाधार विकास, कक्षा ११ र १२ का विद्यार्थीलाई छात्रवृति, दलित, सिमान्तकृत, मुक्त कमैया, कमलरी र मुस्लिम समुदायका लागि ३७ विद्यालयका ३ सय ६१ जना र विज्ञान विषय लिएर स्नातकतह अध्यायन गर्ने छात्रछात्रालाई छात्रवृति दिनुका साथै सीमान्तकृत समुदायका १ सय ८५ गरी समग्रमा ४ सय ८९ जनालाई ६२ लाख १२ हजार ३५ रुपैयाँ र यो आवमा कुल १२ करोड ३२ लाख ६३ हजार २ सय ३० मध्ये १० करोड ७६ लाख ४५ हजार ७ सय ३८ खर्च भए पछि ८६.६ प्रतिशत सफलता प्राप्त डिभिजन कार्यालयका प्रमुख हरिलाल अर्यालले जानकारी दिए । शिक्षा क्षेत्रको विकास बिना मुलुकको विकास सम्भव नहुने अवधारणाका साथ मुलुक संघीय प्रणालीमा गएपछि लुम्बिनी प्रदेश सरकारको मातहतमा गुल्मी र पाल्पा जिल्लाका विभिन्न स्थानमा कार्य गर्ने गरी तानसेनमा स्थापना भएको कार्यालयले यो वर्ष गुल्मीका १३ मध्ये ७ पक्की, ६ ट्रस र पाल्पामा १४ मध्ये ६ पक्की, ८ ट्रस गरी २७ कक्षाकोठा र चार विद्यालयमा शौचालय निर्माण सम्पन्न गरेको छ । यस्तैगरी खेलमैदान तर्फ गुल्मीमा १५ र पाल्पा जिल्लामा २१ गरी ३६ स्थानमा सार्वजनिक खेल मैदान निर्माण भएका छन् । विद्यालय हाताको तारवार र कम्पाउड वाल मध्ये गुल्मी जिल्लामा १३ र पाल्पामा ८ गरी २१ स्थानमा, सामुदायिक भवन निर्माण तर्फ गुल्मीमा ४ र पाल्पामा ८ गरी १२ वटा निर्माण भएका छन् । धार्मिक विद्यालय तर्फ पाल्पामा ३ मध्ये दुईमा ट्रस र एकको कक्षाकोठा निर्माण गरिएको छ । सामुदायिक क्याम्पस तर्फ गुल्मी र पाल्पामा दुई/दुई गरी चार वटा क्याम्पसलाई भौतिक पूर्वाधारका काम भएका छन् ।

कार्यालयले आर्थिक वर्षभित्र सामुदायिक विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु ९० जना, गुल्मी र पाल्पाका विद्यालयहरु मध्येबाट ३ सय ५० जना शिक्षकहरु नतिजा सुधार तालिम दिएको जनाएको छ । संगीतका माध्यमबाट पठनपाठन गराउनका लागि पाल्पाको रामपुर नगरपालिका, गुल्मीको रेसुङ्गा र गुल्मी दरवार गरी ५ हजार छात्रछात्रालाई तीन दिने प्रशिक्षण दिइएको छ । पाल्पा र गुल्मीका ६० किशोरीहरु मध्ये पाल्पाको दमकडा, गुल्मीको सिद्धबाबाका किशोरीलाई आत्मरक्षा, पाल्पा र गुल्मीका ४५ जना शिक्षकलाई दमकडा मावि पाल्पामा ६ दिने प्रशिक्षण दिइएको प्रमुख अर्यालले जानकारी दिए ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## नेकाँ बैठक : पार्टी एक गुट अनेक

नेपाली काँग्रेस केन्द्रीय समितिको झण्डै एक वर्ष पछिको बैठक अत्यान्तै प्रभावकारी र उपयोगी हिसावले चलिरहेको छ । महामन्त्री गगनकुमार थापा र विश्वप्रकाश शर्माले प्रस्तुत गरेका महत्वपूर्ण एजेण्डालाई टेकेर भन्दा पनि नटेकी कनै भइरहेका चर्चा चर्की वहसहरु अत्यान्तै प्रभावकारी देखिएका छन् । काँग्रेस सरकारमा छ या छैन भन्ने कुराको राम्रोसँग अनुभूति नभएका धारणादेखि लिएर अबको काँग्रेस कस्तो हुनुपर्छ भन्ने सम्मका केन्द्रीय सदस्यहरुका धारणा र एक आपसमा घोंचपेंचको शैलीले काँग्रेस अझै पनि 'पार्टी एक गुट अनेक' भएर अगाडि बढेको होकी भन्ने चिन्ता र चासो बढिरहेको देखिन्छ । मिशन ०८४ को कुरा गर्दा त्यतिबेला सम्म नेपाली जनताको मुहार कसरी फेर्ने भन्दा पनि चुनाव लक्षित भाषण गरेर महाधिवेशन र महासमितिका थनथनले मात्रै पार्टीमा नयाँ उत्साह र जागर आउँदैन भन्ने कुरा महामन्त्रीहरु र न्यून केन्द्रीय सदस्यहरुले बाहेक अरुले नबुझेका हुन् कि भन्ने दृश्यहरु आम जनमानसमा छाएको पाइन्छ ।

बैठकलाई प्रत्यक्ष प्रशारण गरेर पनि केही 'वाकपटुताका' नाममा 'वाककटुताका' हिमायतिहरु सावधान भएका छन् तर यसको अर्थ आफ्ना कुरा आफैंले सार्वजनिक गर्ने क्रममा आफु संयमितताको घेराभन्दा बाहिर भइयो भने समस्या झन् बढ्छ भन्ने कुरामा खारिएका नेताहरु पनि कमजोर देखिए । केन्द्रीय सदस्य हुने हैसियत कति र के हो भन्ने कुराको पनि न्यूनतम हेक्का नराख्नेहरुलाई पुराण सुनाउँनुको कुनै अर्थ रहेनछ भन्ने कुरा पनि अहिले यो बैठकका कतिपय केन्द्रीय सदस्यहरुका अभिव्यक्तिले प्रस्ट पारेको देखिन्छ । जे होस्, ढिलै भएपनि नेपाली काँग्रेसबाट आशा गर्नेहरुको हल्का तिर्खा मेटिएको अनुभूति भएको छ । सबैले सबैलाई चिन्ने पर्खने अवसर प्रत्यक्ष प्रशारणको प्रविधि उपभोग गर्नेले पनि न्याय गर्न पाउने भएका छन् । त्यसकारण यो बैठकले दिने सन्देशले मात्रै पुग्दैन, नयाँ पुस्तालाई अब काँग्रेस कस्तो बन्ने अनि काँग्रेसमा लागौं-लागौं जस्तो हुने कि नहुने भन्ने कुरालाई भावी रणनीति र कार्यशैलीले पूर्णता दिने आशा सबैले गरेका छन् ।

### Opinion @ Social Network

कोशिस गर्न कहिल्यै छोड्नु हुदैन,
किनकी चिम्टीको सहायताले पनि आखिर चाबीको ताला खोल्न सकिन्छ ।
(**सुरेश थापाको फेसबुक स्टाटस** *https://www.facebook.com/suresh.thapa*)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# कसरी गर्न सकिन्छ, सवारी दुर्घटना न्यूनीकरण ?



**विपिन गौतम**

*सडकमा हुने सवारी दुर्घटना न्यूनीकरणका लागि भनेर दर्ता भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले सर्वसाधारणमा सडक तथा सवारी साधनको प्रयोगसम्बन्धी जनचेतनाका कार्यक्रम गर्ने हो भने दुर्घटनामा कमी ल्याउन सकिन्छ । विश्वभरिमा प्रतिदिन सात सयको हाराहारीमा स्कुल-कलेज पढ्ने विद्यार्थीको सडक दुर्घटनाबाट ज्यान जाने गरेको डब्लुएचओको तथ्याङ्क पाइन्छ । सडक विभाग र यातायात व्यवस्था विभागले ट्राफिक प्रहरी र अन्य संघ-संस्थाको मद्दतमा सर्वसाधारण, सवारीचालक, परिचालक, पैदलयात्री विद्यार्थी लगायत सबै सडक प्रयोगकर्तालाई प्रशिक्षण प्रदान गर्न जरुरी छ । सवारी चालक अनुमतिपत्रको परीक्षा पास गरेकालाई सवारी चालक अनुमतिपत्र वितरण गर्नुअगाडि सडक सुरक्षा सचेतना कक्षा दिन उपयुक्त हुन्छ । वैदेशिक रोजगारीमा जाने नेपाली पनि प्रत्येक वर्ष घाइते तथा मृत्यु हुने गरेको समाचार पढ्न वा सुन्न परिरहेको छ । रोजगारीमा जानेलाई जानुअघि नै सरकारलाई सरकारले सम्बन्धित देशको सडक प्रयोग गर्ने तरिकाबारे प्रशिक्षण दिन जरुरी देखिन्छ । विदेशमै भएकालाई पनि अनलाइन कक्षा लिनका लागि अनुरोध गर्न वा अनिवार्य गर्न सकिन्छ ।*

मुलुकभर गत आर्थिक वर्ष २०७९/२०८० मा २३ हजार पाँच सय ९७ पटक सवारी दुर्घटना भएको प्रहरी तथ्यांक छ । यी त प्रहरीको अभिलेखमा आएका दुर्घटना भए । प्रहरीलाई जानकारी नभएका दुर्घटना पनि थुप्रै हुन सक्छन् । सानातिना ठक्कर लाग्ने, आफैं उपचार गराउने, चालक सवारी साधन लिएर भाग्ने, नभेटिने, घटनास्थलमै मिलाउने काम प्रहरी अभिलेखमा आइपुग्दैन । गत वर्ष भएको सवारी दुर्घटनाका कारण दुई हजार तीन सय ६८ जनाले जीवन गुमाए । जसमध्ये पुरुष एक हजार सात सय ७३, बालक एक सय १५, महिला तीन सय ९९, बालिका ८१ जना थिए । गत वर्ष सवारी दुर्घटनाबाट २४ हजार चार सय ८८ मानिस साधारण घाइते र पाँच हजार सात सय ३८ गम्भीर घाइते भएका थिए । यस्तै, गत वर्ष दुई हजार तीन सय ६८ जनाले जीवन गुमाए । जसमध्ये पुरुष एक हजार सात सय ७३, बालक एक सय १५, महिला तीन सय ९९, बालिका ८१ जना थिए । चालकको लापरबाही, पैदलयात्रीको अज्ञानता वा हतार गर्नु, क्षमताभन्दा बढी यात्रु राखेर सवारी चलाउनु, पुरानो मर्मतसम्भार नभएका सवारी साधन चलाउनु, सडकको अवस्था लगायत धेरै कारणले सडक दुर्घटना हुन्छन् ।

प्रहरी तथ्यांक अनुसार, गत वर्ष २३ हजार पाँच सय ९७ पटक दुर्घटना हुँदा कुल ३७ हजार तीन सय ९२ वटा सवारीसाधन परेका थिए । जसमध्ये मोटर साइकल १९ हजार पाँच सय ११ वटा, कार-जिप आठ हजार चार सय ३२, बस दुई हजार आठ सय ५०, ट्रक-ट्याङ्कर दुई हजार पाँच, माइक्रो बस चार सय ७७ र टेम्पो एक हजार एक सय ८१ वटा थिए । गत वर्ष सबैभन्दा बढी अर्थात् १० हजार ६ सय ७५ वटा सवारी सवारी दुर्घटना काठमाडौं उपत्यकामा भए । सवारी दुर्घटनाकै कारण ३२ हजार पाँच सय ९४ जना पीडित बन्न पुगे ।तुलनात्मक रूपमा गत तीन आर्थिक वर्षमा भन्दा पछिल्लो वर्ष सवारी दुर्घटनामा केही कमी भने देखिन्छ ।

आर्थिक वर्ष २०७६/७७ मा सवारी दुर्घटनाबाट दुई हजार दुई सय ८१ जनाको ज्यान गएको थियो । यस्तै, सवारी दुर्घटनामा परी आर्थिक वर्ष २०७७/७८ मा दुई हजार पाँच सय जना, २०७८/०७९ मा दुई हजार आठ सय ८३ जना र २०७९/०८० मा दुई हजार तीन सय ६८ जनाको ज्यान गयो । आर्थिक वर्ष २०७३/७४ मा दुई हजार तीन सय ८४ जनाको ज्यान गएको थियो । यसरी हेर्दा विगतका वर्षमा भन्दा सडक दुर्घटनाबाट हुने मानवीय क्षति कमी नै देखिन्छ । यसो हुनुमा पैदलयात्री र सवारी चालकको सचेतना, ट्राफिक प्रहरीको सडकमा मेहनतलाई कारक मान्न सकिन्छ । सडक दुर्घटना न्यूनीकरणका लागि प्रत्येक नगरपालिका समेतले पहल गर्न अनिवार्य छ । आफ्ना नगरभित्रका स्कुल तथा कलेजमा अनिवार्य सडक शिक्षा र जनचेतनामूलक कार्यक्रम विज्ञबाट सञ्चालन गराउन सकिन्छ । गत वर्ष नेपाल प्रहरीले विविध जनचेतनामूलक कार्यक्रम सञ्चालन गरेको थियो । ट्राफिक प्रहरीले मात्र नेपालका विभिन्न स्थानमा ८१ हजार १८ वटा जनचेतनामूलक कार्यक्रम गरेर ४७ लाख ४० हजार नौ सय ७५ सर्वसाधारणलाई सडक दुर्घटना कम गर्ने विषयमा सचेत गराएको थियो । जनचेतनामूलक कार्यक्रमले मात्र सडक अनुशासन कायम राख्न सकिन्न, तसर्थ ट्राफिक प्रहरीले गत वर्ष देशभरिका विभिन्न स्थानबाट सडक अनुशासन उल्लंघन गर्ने २४ लाख ८५ हजार चार सय ९६ वटा सवारी साधन ( चालक) लाई कारबाही गरेको थियो, जसबाट एक अर्ब ८८ करोड १४ लाख ५४ हजार पाँच सय रुपैयाँ राजस्व समेत जम्मा गरेको देखिन्छ । हामीकहाँ प्रयोग हुने सवारीसाधनमा सबैभन्दा बढी मोटरसाइकल छन् । त्यसैले दुर्घटनामा पनि मोटरसाइकल नै बढी परेका छन् । गत वर्षको अभिलेख अनुसार, आठ लाख ९२ हजार ६ सय ३० वटा मोटरसाइकल कारबाहीमा परेका थिए, जसबाट ६४ करोड ५० लाख ७० हजार राजस्व जम्मा भएको थियो ।

**न्यूनीकरण कसरी ?**

भौतिक पूर्वाधार पूर्ण नभएकै कारण सडक दुर्घटना भएको नकार्न सकिन्न । पैदलयात्री नै सडक दुर्घटनामा परिरहेका हुन्छन् । सडकमा हुने सवारी दुर्घटना न्यूनीकरणका लागि भनेर दर्ता भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले सर्वसाधारणमा सडक तथा सवारी साधनको प्रयोगसम्बन्धी जनचेतनाका कार्यक्रम गर्ने हो भने दुर्घटनामा कमी ल्याउन सकिन्छ । विश्वभरिमा प्रतिदिन सात सयको हाराहारीमा स्कुल-कलेज पढ्ने विद्यार्थीको सडक दुर्घटनाबाट ज्यान जाने गरेको डब्लुएचओको तथ्याङ्क पाइन्छ ।

सडक विभाग र यातायात व्यवस्था विभागले ट्राफिक प्रहरी र अन्य संघ-संस्थाको मद्दतमा सर्वसाधारण, सवारीचालक, परिचालक, पैदलयात्री विद्यार्थी लगायत सबै सडक प्रयोगकर्तालाई प्रशिक्षण प्रदान गर्न जरुरी छ । सवारी चालक अनुमतिपत्रको परीक्षा पास गरेकालाई सवारी चालक अनुमतिपत्र वितरण गर्नुअगाडि सडक सुरक्षा सचेतना कक्षा दिन उपयुक्त हुन्छ । वैदेशिक रोजगारीमा जाने नेपाली पनि प्रत्येक वर्ष घाइते तथा मृत्यु हुने गरेको समाचार पढ्न वा सुन्न परिरहेको छ । रोजगारीमा जानेलाई जानुअघि नै सरकारलाई सरकारले सम्बन्धित देशको सडक प्रयोग गर्ने तरिकाबारे प्रशिक्षण दिन जरुरी देखिन्छ । विदेशमै भएकालाई पनि अनलाइन कक्षा लिनका लागि अनुरोध गर्न वा अनिवार्य गर्न सकिन्छ ।

सडक अनुशासन कायम राख्न र सडकमा सवारी आवागमन व्यवस्थित गर्न ट्राफिक प्रहरीले कारबाही गर्ने केही प्रमुख कारण निम्न छन् ।

१) सडक लेन अनुशासनको पालना नगरेमा ।
२) ट्राफिक लाइटको सही प्रयोग नगरेमा ।
३) चर्को हर्न बजाएमा ।
४) तीव्र गतिमा सवारीसाधन चलाएमा ।
५) मादक पदार्थ तथा लागु पदार्थको सेवन गरी सवारी चलाएमा ।
६) जथाभावी पार्किङ गरेमा ।
७) सवारी चालक अनुमतिपत्र नलिई सवारी साधन चलाएमा ।
८) सिट बेल्ट तथा हेल्मेट नलगाई सवारी साधन चलाएमा ।
९) निर्धारित भाडाभन्दा बढी भाडा लिई सवारी चलाएमा, ढोका खुला राखी बस चलाएमा ।
१०) बाटो इजाजतपत्र नलिई सार्वजनिक सवारी चलाएमा, सवारीको स्वरूप परिवर्तन तथा मोडिफाई गरेमा । सबैको असल प्रयासले मात्र दुर्घटना कम गर्न सकिन्छ, सबै सचेत होऊँ ।

*-रातोपाटी डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५


**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : नाताकुटुम्बको आगमन हुनेछ। घरमा रमाइलो वातावरण छाउनेछ । | **तुला** : काम बिगार्न चाहनेहरू अगाडि बढ्न सक्छन् । दौडधुप गर्नुपर्ने छ । |
| **वृष** : भाग्यले साथ दिनेछ भने काममा सफलता हात पर्नेछ । | **वृश्चिक** : आफन्त र मित्रवर्गको सहयोगले महत्त्वपूर्ण कार्य सम्पन्न हुनसक्छ । |
| **मिथुन** : समय त्यति राम्रो देखिँदैन । लेनदेनको कार्यमा विशेष ख्याल गर्नुहोला। | **धनु** : यात्रा गर्ने अवसर जुट्न सक्छ । वाणीमा कुशलता आउने योग छ । |
| **कर्कट** : जिम्मेवारी वहन गर्ने समय आएको छ । व्यापारमा सफलता हात लाग्नेछ । | **मकर** : परोपकारजन्य कार्यमा लगाव बढ्ने र धन सञ्चयको अवसर प्राप्त हुनेछ । |
| **सिंह** : रोकिएको काम पुनः प्रारम्भ हुनेछ। सामाजिक क्षेत्रमा धन खर्च हुनसक्छ । | **कुम्भ** : कार्यमा व्यस्त रहन पर्नेछ । अधिकार प्राप्तिका लागि संघर्ष गर्नुपर्ला । |
| **कन्या** : प्रियजनसँग सम्बन्ध समधुर रनेछ। सामाजिक क्षेत्रमा भ्रमण हुनसक्छ । | **मीन** : मन हर्षका साथ समय व्यतीत हुनेछ। आर्थिक क्षेत्रमा लगानीको समय छ। |

# ‘जय हो’ चल्नुपर्ने दबाबमा सलोन



अभिनेता सलोन बस्नेतको अभिनयमा खोट दिने ठाउँ कमै भेटिन्छ । बाल्यकालदेखि नै अभिनयमा भिजेकाले उनी अनुभवी छन् । चलबुले स्वभावको चरित्रमा रुचाइएका उनलाई लिड हिरोभन्दा हिरोलाई साथ दिने भूमिका बढी फापेको छ । उनको प्रयास भने आफ्नै स्टारडमले फिल्म चलाउने छ । तर, उनको त्यो सपना पूरा हुन पाएको छैन । अब उनलाई फिल्म ‘जय हो’बाट आशा छ ।

फिल्ममा नाम चलेका कलाकारहरुको जत्था भएपनि कथा सलोनमा नै केन्द्रित छ । त्यसमाथि फिल्म उनको होम प्रोडक्सनको हो । जसले गर्दा यसपटक सलोन फिल्म व्यावसायिक रुपमा सफल हुनुपर्ने दबाबमा छन् । यसैले हुनसक्छ, फिल्म रिलिजको एक महिना अगावैदेखि उनी प्रचारमा दौडिरहेका छन् । सलोनको दौडधुप हेर्दा फिल्मप्रति उनले ठूलो अपेक्षा राखेको बुझ्न सकिन्छ । आइतबार सलोन पिता तथा फिल्मका प्रस्तुतकर्ता शोभित बस्नेत र अभिनेत्री केकी अधिकारीको साथमा ‘जय हो’को प्रचार गर्नका लागि कमलादीस्थित प्रज्ञा भवन पुगेका थिए । त्यहाँ एपेक्स कलेजले एकदिने सांस्कृतिक कार्यक्रम आयोजना गरेको थियो । सयौंको संख्यामा उपस्थिति रहेको कार्यक्रममा फिल्मको टिजर तथा गीत देखाइएको थियो भने सलोन र केकीले फिल्म हेर्न निम्तो दिए ।

त्यहाँ सलोनले आफूले अभिनय गरेका केही फिल्मका संवाद बोल्नुका साथै गीत गाएर कलेजका विद्यार्थीलाई मनोरञ्जन प्रदान गरे । यस्तै, केकी अधिकारीले फिल्म राम्रो बनेको र हेरेर साथ दिन आग्रह गरिन् । यो फिल्ममा सलोन र केकीको जोडी बाँधिएको छ । टिजरमा केकीको लुक्स हेर्दा उनको भूमिका पृथक देखिन्छ । सलोन भने फिल्ममा फोटोग्राफीमा सौखिन पात्रको भूमिकामा छन् ।

टेक पौरखी राईद्वारा निर्देशित फिल्ममा सलोन र केकीका अलावा अर्पण थापा, निशा अधिकारी, माओत्से गुरुङ, प्रेम पाण्डे, दिपा शाक्य श्रेष्ठ, सुबि मगर, सुमिन गुरुङ, सुशान्त श्रेष्ठलगायतको पनि अभिनय छ ।

सौरभ लामाको छायांकन रहेको फिल्मका निर्माता अष्ट्रेलिया निवासी राज के अधिकारी र सुरज सरकार हुन् । फिल्म आगामी भदौ ८ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको छ ।

*-फिल्मी खबर डटकम*

# एलिना, रचना र समीक्षाले गीत रेकर्डिङको पारिश्रमिक कति लिन्छन् ?







सांगीतिक क्षेत्रमा एकै समयदेखि छाएका गायिकाहरू हुन् एलिना चौहान, रचना रिमाल र समीक्षा अधिकारी । केही वर्षको अवधिमै उनीहरूले सयौं गीतमा स्वर दिइसकेका छन् । तीमध्ये दर्जनौं गीतहरू स्रोता-दर्शकहरूले निकै रुचाएका छन् । थुप्रै गीतहरूले युट्युबमा करोडौं भ्युज पनि पाएका छन् । कभर गीत गाएर चर्चामा आएकी एलिनाका ‘के माया लाग्छ र ?’, ‘धोकेबाज’, ‘मिनरल वाटर’, ‘छुनुमुनु’, ‘मेरो परान’, ‘भाग्यमा खोट छ’, ‘पानी पानी’, ‘पानी पँधेरो’, ‘दुई पाइला’जस्ता थुप्रै गीत स्रोता-दर्शकहरूले अत्याधिक रुचाएका छन् ।

रचनाका ‘फोटो फिरिममा’, ‘आयौं चेली’, ‘मिनरल वाटर’, ‘पहिलो पल्ट भेट हुँदा’, ‘उनको प्रीति’, ‘सम्झिनी पानी छम्किनी’, ‘भन साइँला’, ‘पैसा सापटी’ जस्ता थुप्रै गीतहरू चर्चामा छन् । ‘फेरि कहाँ आउँछ र घुमेर’बोलको फिल्मी गीतबाट गायनमा पाइला चालेकी समीक्षा अधिकारीको व्यस्तता ‘माया मारेर’बोलको गीतबाट बढेको थियो । त्यसयता ‘आधी कपाल’, ‘तिम्रै मायाले’, ‘पिपलु वर’, ‘नबोली नबोली’, ‘पछ्यौरी लिस्यो’, ’सुर्ती माड्दै माड्दै’, ‘आफ्नो आफ्नो दुःख’ लगायतका उनका गीतहरूलाई दर्शक स्रोताले रुचाएका छन् । संयोग कस्तो भने, यी तीनै जना गायिकाको पहिलो गीत नै हिट भएको थियो । अहिले पनि यी तीनै जना गायिकाहरू सांगीतिक क्षेत्रमा निकै व्यस्त छन् । उनीहरू दैनिक रेकर्डिङका काम गरिरहेका हुन्छन् । स्टेज कार्यक्रमहरूमा पनि उनीहरू निकै खोजिने गरेका छन् । देशदेखि विदेशसम्मका कार्यक्रममा उनीहरूको डिमाण्ड हुने गरेको छ । एकै समयदेखि व्यस्त बनेका कारण हुनुपर्छ, उनीहरूलाई सांगीतिक क्षेत्रमा एक अर्काका प्रतिस्पर्धीहरू समेत भन्ने गरिएको छ । यद्यपि, यो कुरालाई उनीहरूले भने नकार्दै आएका छन् । आफूहरूको गायकीको छुट्टाछुट्टै शैली भएका कारण प्रतिस्पर्धा नभएको उनीहरूले कुराकानीका क्रममा बताउने गरेका छन् । यी गायिकाहरूको गीत रेकर्डिङको पारिश्रमिकमा भने समानता रहेको पाइएको छ । एलिना, रचना र समीक्षा तीनै जना गायिकासँग पछिल्लो समय सहकार्य गरेका एक संगीतकर्मीका अनुसार अहिलेको अवस्थामा उनीहरूले एउटै-एउटै पारिश्रमिक लिएर गीत रेकर्डिङ गराउने गरेका हुन् । ‘२० हजार रुपैयाँ हाराहारी लिनुहुन्छ’ ती संगीतकर्मीले लोकान्तरसँग भने, ‘कहिलेकाहिँ योभन्दा कम पारिश्रमिकमा पनि गीत गाउनुहुन्छ । गीत गाउन दिइरहने संगीतकर्मी, आफूलाई राम्रो लागेका गीतहरू त्यसरी कम पारिश्रमिकमा समेत गाउने गरेको पाउँछु ।’ एलिना, रचना र समीक्षाले कहिलेकाहिँ दिनमै ५-७ वटासम्म पनि गीतहरू गाउने गरेका छन् । गीत गाएको पारिश्रमिक एउटै-एउटै लिने गरे पनि स्टेज कार्यक्रममा भने उनीहरूको पारिश्रमिकमा समानता नभएको आयोजकहरु बताउँछन् ।

*-लोकान्तर डटकम*

# अहिले कलाकारमा स्टार पावर छ ?



अनमोल केसीको अन्तिम चलचित्र ‘छड्के-२’ बक्सअफिसमा चलेन । प्रदीप खड्का अभिनीत ‘प्रकाश’ले अपेक्षित बक्सअफिस कलेक्न गरेन । धीरज मगरको ‘ज्याकी आई एम २१’ चलेन । साम्राज्ञी आरएल शाहको ‘ह्यारी कि प्यारी’ पनि बक्सअफिसमा चलेन । त्यसो भए नेपाली चलचित्र उद्योगमा कोही स्टार छैन ? ‘छैन’, कलाकार, निर्देशक, निर्माता तथा वितरक समेत रहेका अशोक शर्मा एकै शब्दमा जवाफ दिन्छन् । स्टार पावर भएको कलाकार नहुनु समग्र नेपाली चलचित्र उद्योगकै लागि दुर्भाग्य भएको उनको बुझाइ छ । समग्र सिनेमा उद्योगलाई घाटामा जान नदिन स्टार पावर भएको कलाकार आवश्यक रहेको अशोक बताउँछन् ।

५० को दशकको अन्तिमसम्म नेपाली चलचित्र उद्योगमा पनि स्टार पावर भएका कलाकार थिए । राजेश हमाल, शिव श्रेष्ठ, भुवन केसी, विराज भट्ट, रमेश उप्रेती, करिष्मा मानन्धर, निरुता सिंह, रेखा थापा, विपना थापालगायत कलाकारमा स्टार पावर रहेको अशोक स्मरण गर्छन् । “यी कलाकारको टाउको पोस्टरमा देख्नेबित्तिकै दर्शक उनीहरूलाई नै हेर्न भनेर हलसम्म पुग्थे,” अशोक भन्छन्, “सिनेमा कस्तो छ, के छ, कथावस्तु के छ त्यो आफ्नो ठाउँमा छ, तर पोस्टरमा उनीहरूलाई देख्नेबित्तिकै सुरुको दुई/तीन दिन ठूलो संख्यामा दर्शका हलमा आउने समय थियो ।” स्टार पावर भएको कलाकार नहुनु दुर्भाग्य भएको अशोक बताउँछन् । स्टारले खेलेका सबै सिनेमा राम्रो हुन्छन् भन्ने हुँदैन । तर, कलाकारमा स्टार पावर नभए निर्माताको लगानी सुरक्षित हुने सम्भावना धेरै हुने उनको भनाइ छ । स्टारका सिनेमा हेर्न सुरुका दुई/तीन दिन ठूलो संख्यामा दर्शक आउने भएकाले इनिसियल बिजनेस हुने र त्यसले लगानी सुरक्षित गर्न ठूलो भूमिका खेल्ने उनको धारणा छ । अहिले सिक्वेल नै स्टार पावर भएको अशोक बताउँछन् । चलेको सिनेमाको सिक्वेल आए मात्र चल्ने गरेको उनको भनाइ छ ।

“वास्तवमा अहिलेको स्टार पावर भनेको सिक्वेल हुन् । अहिले पहिला जुन सिनेमा हिट भएको छ, त्यसको सिक्वेल आयो भने चल्छ । त्यो पनि स्टारको पावरले चलेको होइन, ब्रान्ड मात्रै चलेको हो,” अशोक भन्छन्, “यस्तो दुर्भाग्य छ, कुनै कलाकारलाई लिएपछि यो सिनेमा चल्छ भन्ने ढुक्कले भन्न सक्ने अवस्था छैन । यो कलाकार लिएको छु, त्यसैले यति व्यापार गर्छ भनेर भन्न सक्ने अवस्था छैन ।” त्यसैले उनी भन्छन्- स्टार पावर सकियो । यो हाम्रो सिनेमा उद्योगका लागि दुःखद हो । अहिले कन्टेन्ट र सिक्वेल मात्र चलिरहेको उनी सुनाउँछन् । केही सिनेमा चलिरहेका र ती चल्नुको कारण कलाकारको स्टार पावर नभई कन्टेन्ट भएको उनको तर्क छ । अहिले नेपाली सिने बजारमा ‘कबड्डी’, छक्कापञ्जा’, ‘जात्रा’का सिक्वेलले राम्रै आम्दानी गरेका छन् । तर, यी चलचित्रमा काम गरेका कलाकारले अभिनय गरेका अरू सिनेमा चलेका छैनन् । फ्लप छन् । यसले नेपाली कलाकारमा स्टार पावर छैन भन्ने पुष्टि गरेको अशोक बताउँछन् । “यसले नेपाली कलाकारमा स्टार पावर छैन भन्ने पुष्टि गर्छ, जुन हाम्रो लागि राम्रो संकेत होइन,” अशोक भन्छन् । उनको बुझाइमा दर्शक ‘स्मार्ट’ भइसकेका छन् । अब पोस्टर होइन, टिजर र ट्रेलर हेरेर सिनेमाबारे मूल्यांकन गर्छन् । त्यसपछि मात्र दर्शकले सिनेमा हेर्ने/नहेर्ने निर्णय गर्ने उनी बताउँछन् । कुन फिल्म हेर्ने र कुन नहेर्ने पहिला नै दर्शक मानसिक रूपमा तयार हुन्छन् । “अहिले अनमोल, प्रदीप नै सिनेमामा छन् भने पनि उनीहरूलाई नै हेर्ने भनेर दर्शक हलमा जाँदैनन्, कन्टेन्ट नै राम्रो हुनुपर्छ,” उनी भन्छन्, “त्यसैले अहिलेको स्टार नै कन्टेन्ट र सिक्वेल हो ।”

## स्टारले सिनेमा पाएनन् कि गरेनन् ?

चलचित्र ‘कबड्डी’मा दयाहाङ राई मुख्य भूमिकामा छन् । ‘छक्का पञ्जा’मा दीपकराज गिरी । दीपकराज गिरी हम्मेसी अरूको ब्यानरका चलचित्र गर्दैनन् । त्यसैले उनमा स्टार पावर छ वा छैन वास्तवमा परीक्षण नभएको अशोक बताउँछन् । तर, दयाहाङका थुप्रै चलचित्रले बक्सअफिसमा उल्लेख्य व्यापार गर्न सकेका छैनन् । विपीन कार्कीको पनि ‘जात्रा’बाहेक उल्लेख्य व्यापार गर्ने चलचित्र छैनन् । कुनै एउटा सिनेमा वा त्यसको सिक्वेल चलेकै भरमा कसैलाई स्टार भन्न नमिल्ने निर्देशक नरेशकुमार केसी बताउँछन् । अहिलेको समयमा स्टार पावर कायम राख्न कठिन रहेको उनको बुझाइ छ । इन्टरनेटले विश्व नै सानो गाउँमा परिणत भइसकेकाले दर्शकसामु धेरै विकल्प रहेको उनको भनाइ छ ।

विकल्प धेरै हुँदा दर्शक बाँडिने र त्यसको असर सिनेमाका कलाकारमा पनि परेको उनको जिकिर छ । “अहिले दर्शकको हातहातमा रहेको मोबाइलमा इन्टरनेट छ, त्यहाँ उपलब्ध टिकटक, भिडियो भ्लगर, इन्स्टाग्रामका त्यति नै सेलिब्रिटी छन् । कति मान्छे टिकटक, भिडियो भ्लगर, इन्स्टाग्रामका सेलिब्रिटी छन्,” नरेश भन्छन्, “कति मान्छे उनीहरूका ृयान छन् । पहिलाको जस्तो साँघुरो परिवेश छैन, ताकि मान्छे वर्षौं पर्खेर एक्टरको सिनेमा हेर्न जाओस् ।” इन्टरनेटको विकास, विस्तार र यसमा सहज पहुँच स्थापित हुँदै जाँदा फ्यान बाँडिएको र त्यसको प्रभाव फ्यान, स्टार र स्टार पावरमा परिरहेको नरेश बताउँछन् । कलाकारले राम्रो कन्टेन्ट र टिम छान्न नसक्नु स्टार पावर ओरालो लाग्नुको अर्को कारण भएको उनको भनाइ छ । विश्वभरका अनेक कन्टेन्ट हातमा रहेको मोबाइलमै भेटिने समयमा अहिलेको पुस्ता कसैको डाइहर्ट फ्यान भएर नबस्ने तथ्यलाई भुल्न नहुनेमा उनको जोड छ । “आफैं धेरै कुरा बुझ्ने र पहुँच राख्ने समयमा उसले हरेक कुरा नियालिरहेको हुन्छ । यस्तो अवस्थामा कसले के काम गरिरहेको छ, उसलाई थाहा हुन्छ,” उनी अगाडि थप्छन्, “वास्तवमा अहिलेको समय कुन कलाकारको चलचित्र कहिले आउँछ भनेर वर्षौं कुरेर बस्ने समय होइन ।” आफ्नै तनाव र संघर्षमा रहेको अहिलेको पुस्ता कसैलाई फलो गरेर, कुरेर बस्ने अवस्थामा नरहेको नरेश बताउँछन् । “पढाइ, करिअर, बेरोजगारी, आर्थिक मन्दी, प्रतिस्पर्धा, जिम्मेवारीको बोझले थिचिएको अहिलेको पुस्तालाई एक त फुर्सद छैन, अर्को सयौं प्लेटफर्ममा रहेका विभिन्न कन्टेन्ट हेर्छ,” उनी भन्छन्, “हाम्रो कलाकार, हाम्रो एक्टर भनेर कोही बस्दैन । त्यसमा पनि राम्रो काम भएन भने त्यसले स्टार पावर झन् क्षयीकरण गर्छ ।” पछिल्लो समय युवापुस्तामा राम्रो क्रेज भएका भनिएका अनमोल केसी, प्रदीप खड्का, धीरज मगरले पनि चलचित्रमा राम्रो योगदान दिन नसकेको उनी बताउँछन् । “अनमोल, प्रदीप, धीरजले कति कन्ट्रिब्युसन दिएका छन् भन्ने कुराले पनि अर्थ राख्छ होला,” नरेश भन्छन्, “अहिलेको समयमा एभरेज काम गरेर एक्टर मात्र होइन, कुनै पनि सेक्टरमा आफूलाई स्टार बनाउन सकिँदैन ।”

नेपालमा मात्र होइन, पछिल्लो समय बलिउडमा पनि स्टार पावर नदेखिएको उनको भनाइ छ । ‘पठान’पछि कुनै पनि सिनेमाले बक्सअफिसमा राम्रो कलेक्सन गर्न नसकेको उनी सुनाउँछन् । “राम्रो कलेक्सन गर्न नसक्नु भनेको स्टारमा पावर छैन भन्ने नै हो । बलिउडमा एकपछि अर्को अपेक्षित चलचित्र पनि चलिरहेका छैनन्,” उनी भन्छन्, “स्टारका चलचित्रले पनि इनिसियल व्यापार राम्रो गर्न सकिरहेका छैनन् । यसको अर्थ त्यहाँ पनि स्टार पावर छैन कलाकारमा भन्ने हो ।” बलिउड हंगामालाई दिएको एक भिडियो अन्तर्वार्तामा भारतका ट्रेड एनलाइसिस्ट तरण आदर्शले बलिउड अहिले आईसीयूमा रहेको बताएका थिए । लगातार सिनेमाले लगानी उठाउन नसक्दा चलचित्रमा खर्चिएको अर्बौं रुपैयाँ घाटा भएको उनले उल्लेख गरेका थिए । बलिउड स्टारकै चलचित्र पनि नचल्दा चलचित्र उद्योग आईसीयूमा पुगेको उनको टिप्पणी थियो । स्टार पावर नहुनुको कारण इन्टरनेट, सामाजिक सञ्जाल र त्यसका सेलिब्रिटीसँगै सिनेमा निर्माण टिम पनि एक भएको नरेश बताउँछन् । स्टार एक्लैले कहिल्यै राम्रो सिनेमा गर्न नसक्ने भन्दै उनी समग्र टिम नै उत्तम हुनुपर्नेमा जोड दिन्छन् । कन्टेन्ट र राम्रो टिम भने स्टार स्वयंले छान्न सक्नुपर्ने उनी बताउँछन् । तर, जतिसुकै राम्रो काम गरे पनि अब पहिलाको जस्तो कलाकारमा स्टार पावर सम्भव नरहेको उनको जिकिर छ ।

*-बाह्रखरी डटकम*

# गुल्मीका औषधि पसलमा अनुगमन

**सरस्वती जिसी**

**गुल्मी,** साउन ९/जिल्लाको तम्घासमा रहेका औषधि पसलहरुको अनुगमन गरिएको छ । जिल्ला प्रशासन कार्यालय गुल्मीका प्रशासकिय अधिकृत विनोद खनालको नेतृत्वमा जिल्ला प्रहरी कार्यालय, जिल्ला स्वास्थ्य कार्यालय, गुल्मी अस्पताल, रेसुङ्गा नगरपालिका, जिल्ला घरेलु कार्यालय र औषधि व्यवसायी संघका प्रतिनिधिहरुद्वारा पसलहरुको अनुगमन गरिएको हो ।



अनुगमनको क्रममा कतिपयले एलोपेथिकको अनुमति लिएर आयुर्वेदिक बेच्ने गरेको पाईएको छ भने कतिपय क्लिनिक अनुमति बिना नै औषधि पसलहरु सञ्चालन गरेको पाइएका प्रशासकीय अधिकृत नरेश गिरीले बताए । स्वास्थ्य मन्त्रालयको निर्देशन अनुसार तम्घासमा रहेका औषधि पसलहरुको अनुगमन गरिएको अधिकृत गिरीले बताए । १४ एलोपेथिक र ५ आर्युर्वेदिक गरी १९ औषधी पसलहरुको अनुगमन गरिएको छ । ईजाजत प्राप्त व्यक्तिले औषधि नबेची अन्य व्यक्तिले औषधि विक्री वितरण गरेको पाईएको छ । केही औषधि म्याद नागेका पाईएकाले औषधि पसलहरुको कमि कमजोरीलाई तत्काल सुधार गरी मापदण्ड अनुसार औषधि पसलहरु सञ्चालन गर्नको लागि सबै औषधि व्यवसायीहरुलाई निर्देशन दिइएको छ ।

# छतमा पक्षीपालन...

...एसएलसी उत्तीर्ण भएकी उमाकुमारीको अहिले रामपुरका विभिन्न सामाजिक संघ संस्थामा सक्रियता पनि उत्तिकै छ ।

रामपुर झरेपछि लामो समयसम्म किराना पसल गरेकी उनी अहिले परदेशमा रहेका श्रीमान् घर फर्केपछि आफ्नै घरमा होटल व्यवसायसमेत चलाएकी छिन् । आफ्नै कमाइमा रमाउन पाउँदा ज्यादै गर्व लागेको उमाकुमारीले बताइन् ।

उनले पक्षीपालन व्यावसायमा रामपुर नगरपालिकाबाट दुईवर्ष अघि युवा स्वरोजगार कार्यक्रम अन्तर्गत रु दश लाख बराबरको ब्याज अनुदान पाएकी थिइन् । नगरपालिकाको व्याज अनुदान कार्यक्रममा छनोट भएपछि उमाकुमारीले रामपुर-८ मा कुखुरापालन गरिन् । सो व्यवसाय घरबाट रेखदेख गर्न जान टाढा भएपछि इन्टरनेटमा पनि घरको छतमा पक्षीपालन गरेको देखेपछि छतमा नै व्यावसाय चलाएको बताइन् ।

## खेलकुद समाचार

# गौरिकाको नयाँ राष्ट्रिय कीर्तिमान



**काठमाडौं,** साउन ९/जापानको फुकुओकामा आयोजना भइरहेको २० औं वर्ल्ड एक्वाटिक च्याम्पियनसिप २०२३ मा नेपाली पौडी खेलाडी गौरिका सिंहले नयाँ राष्ट्रिय कीर्तिमामन बनाएकी छन् ।

१३ औं सागकी ४ स्वर्ण पदकधारी गौरिकाले १०० मिटर ब्याक स्ट्रोकमा १ मिनेट ६.८० सेकेन्ड समयमा दूरी पूरा गर्दै आफ्नै नाममा रहेको राष्ट्रिय कीर्तिमानमा सुधार गरेकी नेपाल पौडी संघका अध्यक्ष अशोक बज्राचार्यले जानकारी गराएका छन् । गौरिकाको यसअघिको भारतको गुवाहटीमा आयोजना भएको १२ औं दक्षिण एशियाली खेलकुदमा १ मिनेट ७.३१ सेकेन्ड समयको रेकर्ड बनाएकी थिइन् । नेपाली पौडीबाज नासिरले भने लगातार दोस्रो दिन नयाँ कीर्तिमान बनाए । नासिरले सोमबार २०० मिटर फ्रिस्टाइलमा आफ्नै नाममा रहेको १ मिनेट ५८.२३ सेकेन्डको राष्ट्रिय कीर्तिमानमा सुधार गर्दै १ मिनेट ५७.२६ सेकेन्ड समयका नयाँ राष्ट्रिय कीर्तिमान बनाएका हुन् । यस अघि नासिरले आइतबार ४०० मिटर फ्रिस्टायलमा पनि आफ्नै नामको कीर्तिमान सुधार गर्दै नयाँ कीर्तिमान बनाएका थिए । अर्की खेलाडी डुवाना लामाले मंगलबार २०० मिटर फ्रिस्टायलमा प्रतिस्पर्धा गर्ने टोली ब्यवस्थापक नरेश बैद्यले जानकारी गराएका छन् । विश्व पौडी महासंघले आफ्नो नाम फिनालाई परिवर्तन गर्दै वर्ल्ड एक्वाटिक्सको नामाकरण गरेको छ ।

## अर्थ/कर्पोरेट समाचार

# नेप्से परिसूचकमा उच्च अंकको गिरावट



**पाल्पा,** साउन ९/नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा उच्च अंकको गिरावट भएको छ । मंगलबार नेप्से परिसूचकमा ३६ दशमलव १९ अंकले गिरावट भएर दुई हजार एक सय ६४ दशमलव ३१ विन्दुमा सीमित भएको हो ।

मंगलबार विभिन्न कम्पनी दुई सय ६७ वटा कम्पनीका ७७ लाख १६ हजार दुई सय ७७ कित्ता शेयर ५३ हजार पाँच सय ७० पटक खरिदबिक्री हुँदा रु दुई अर्ब ९१ करोड सात लाख ३२ हजार चार सय १८ बराबरको कारोबार भएको छ । मंगलबार होटल तथा पर्यटन समूहको उपसूचक ७२ दशमलव ३० अंकले बढेको छ भने बाँकी सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा धेरै जीवन बीमा समूह एक सय ७६ दशमलव ४४ र निर्जीवन बीमा समूह एक सय ११ दशमलव १८ अंकले घटेको छ । त्यस्तै, बैकिङ्ग ३७ दशमलव २४, विकास बैंक ८६ दशमलव १३, वित्त ३६ दशमलव ५२, जलविद्युत २६ दशमलव ६३ र लगानी समूह एक दशमलव ०२ अंकले घटेको छ । उत्पादन तथा प्रशोधन समूह १३ दशमलव ३४, लघुवित्त ३६ दशमलव ४९, म्युचुअल फन्ड शून्य दशमलव १०, व्यापार तीन दशमलव ८७ र अन्य समूह २७ दशमलव ९९ अंकले घटेको छ । मंगलबार किसान लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै गुमाउनेमा भने नबिल डिबेन्चर-२०८५ को मूल्य ६ दशमलव ८७ प्रतिशतले घटेको छ । कारोबार रकमका आधारमा सबैभन्दा धेरै सोल्टी होटल लिमिटेडको रु १५ करोड २७ लाख ७९ हजार ७४ बराबरको शेयर कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा भने सबैभन्दा धेरै कुमारी बैंक लिमिटेडको चार लाख १८ हजार दुइ सय आठ कित्ता शेयर किनबेच भएको छ ।

Invitation for Sealed Quotation
Baganaskali Rural Municipality
Office of the Rural Municipal Executive
Chirtungdhara, Palpa

**Invitation Sealed Quatation for Supply and Delivery Stationary Goods**

***Contract Identification No: BRM/PLP/GO1/SQ/080-81***

**First Date of Publication: 2023-07-26(2080-04-10)**

1. The Baganaskali Rural Municipality invites Sealed quotation from registered Suppliers for Supply and Delivery OF Stationary goods. Eligibles Bidders may obtained further information and inspect the bidding Documents at the Office of the Baganaskali Rural municipality.Phone no-9857068464,9841726209 e-mail Baganaskali.rural@gmail.com.
2. Bidding documents must be purchased only from **Baganaskali Rural Municipality office** by eligible Bidders, on submission of a written application and upon payment of 1000 non-refundable fee for bid documents to **Nepal Bank Limited, PalpaAntarik Rajaswo Khata 01703000001001000001** until the (last date of purchase of bidding document) (2080-04-24) **2023-08-09, during office hour.**

**Information for depositing the cost of bidding document in Bank:**

**Name of the Bank : Nepal Bank Limited, Palpa**

**Name of Account : Dharauti Khata**

**Office Account no. : 01703000003000000001**

3. Bids must be submitted on Baganaskali Rural municipality Office ,before **12.00 hr. Noon** on (2080-04-25) **2023-8-10** Documents received after this deadline shall not be accepted.
4. Bids will be opened in the presence of Bidders' representatives who choose to attend at **Baganaskali Rural Municipality,** Chirtungdhara, Palpa on (2080-04-25) **2023-8-10, 13.00hr.** Bids must be valid for a period of **45 days** after bid opening and must be accompanied by bid security, amounting to a **minimum of NRs. 38000.00** which shall be **valid for 30 days** beyond the bid validity period.
5. If bidder wishes to submit their Bid Security in the form of cash, bidder has to deposit cash in Deposit Account of baganaskali Rural Municipality at **Bank name-. Nepal bank Limited Tansen, Palpa,** Account No.01703000003000000001. and submit bank deposit voucher along with the bid.
6. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
7. The name and identification of the contract are as follows:
8. The purchaser reserves the right to accept or reject, wholly or partly any or all the sealed quatation without assigning any reason, what so ever.

| S.N. | Contract ID | Description of Work | Estimated Amount, NRs.(Excluding (VAT) | Bid Security Amount (Rs.) | Bid Document Fee |
|---|---|---|---|---|---|
| 1 | BRM/PLP/GO 1/SQ/080-81 | Supply and Delivery of Stationary goods | **1314750.00** | **38000.00** | **1000.00** |

वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१

मनको आवाज.............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई